# चन्द्रागिरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाण्डौ
३ नं. प्रदेश, नेपाल

प.सं. ०७६।७७
च.नं. ४६०

फोन नं. ०१-४३१५७६६
मिति : २०७६/०८/०४


बिषयः अभिलेख कायम गर्ने सम्वन्धमा ।

श्री वडा कार्यालय (सवै)
चन्द्रागिरि नगरपालिका

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको प.स. २०७६/०७७ च.नं. ४६४ मिति २०७६/०८/०२ को पत्रथान १ यसैसाथ संलग्न छ । संलग्न पत्रमा उल्लेख भए अनुसार अभिलेख नष्ट भएका व्यक्तिगत घटना दर्ताको अभिलेखहरु कायम गर्नुहुन जानकारीका लागि अनुरोध छ ।

नविन खालिङ
अधिकृत (आठौं)

नेपाल सरकार
# गृह मन्त्रालय
# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१
फ्याक्स : ४२११५६३

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- २०७६-०७७
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ४६४

मितिः...............................

२०७६/०८/२

**विषयः अभिलेख कायम गर्ने सम्बन्धमा ।**

श्री नगरकार्यापालिकाको कार्यालय सबै
श्री गाँउकार्यालालिकाको कार्यालय सबै

विभिन्न कारणले गर्दा स्थानीय तहहरुमा अभिलेख नष्ट भएका व्यक्तिगत घटना दर्ताका अभिलेखहरु कायम गर्ने सम्बन्धमा गृह मन्त्रालय मितिः २०७६।०८।०२ को मा. मन्त्री स्तरीय नीतिगत निर्णय अनुसार देहाय बमोजिम अभिलेख कायम गर्ने भनी निर्णय भएको हुदा सोही अनुसार गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

**देहायः**

१) कार्यालयका अभिलेखहरु नष्ट भएको सन्दर्भमा उपलब्ध भएसम्म व्यक्तिसँग भएको घटना दर्ताको सक्कल प्रमाणपत्र पेस गर्न लगाउने । सक्कल प्रमाणपत्र हराईरहेको वा अन्य कुनै कारणले नष्ट भईसकेको रहेछ भने उपलब्ध भएसम्म उक्त प्रमाणपत्रको प्रतिलिपि वा निजले उक्त व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र लिईसकेको थियो भन्ने पुष्टी हुने अन्य कुनै प्रमाण पेस गर्न लगउने ।

२) व्यक्तिगत घटना दर्ताका सूचना फाराम अन्यत्र कुनै निकायमा रहेको भए सो फारामको आधारमा प्रतिलिपि प्रदान गर्ने ।

३) कुनै कागज, प्रमाण प्राप्त नभएमा व्यक्तिगत घटना दर्ताको नयाँ सूचना फाराम भराई उक्त सूचना फाराममा सूचकलाई सनाखत गर्न लगाउने ।

४) सूचकबाट सनाखत गरी आएको व्यक्तिगत घटना दर्ताको सूचना फारामको आधारमा अभिलेख रजिष्टरमा अभिलेख नष्ट भएको कारण जनाई साथै प्रमाणपत्रमा समेत पहिला घटना दर्ता प्रमाण पत्र जारी भएता पनि कार्यालयको अभिलेख नष्ट भएको कारणले नयाँ प्रमाणपत्र जारी गरिएको भन्ने कारण जनाई प्रमाणित गरी घटना दर्ता प्रमाणपत्र जारी गर्ने ।

५) त्यसरी घटना दर्ता प्रमाणपत्र जारी गर्दा थप पुष्ट्याई आवश्यक देखिएमा स्थानीय वडाका जनप्रतिनिधिहरुबाट वा कम्तिमा ५ जना नेपाली नागरिकबाट सर्जमिन गरी पेस गर्न लगाउने ।

६) घटना दर्ताको प्रमाणपत्र जारी गर्ने स्थानीय पञ्जाधिकारीले उक्त व्यक्तिसँग आफैले सोधपुछ गर्ने ।

७) यसरी व्यक्तिगत घटना दर्ता प्रमाणपत्र जारी गरिसकेपछि पुन पुरानो प्रमाणपत्र फेला परेमा पछि जारी भएको प्रमाणपत्र स्वतः रद्ध हुने व्यवस्था गरी पुरानो प्रमाणपत्रमा भएको विवरणको अभिलेख राख्ने ।

(कमला घिमिरे)
शाखा अधिकृत